# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७४/०७५ देउपुर, पर्वत
चलानी नम्बर :- ४ नम्बर प्रदेश, नेपाल

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना

**(प्रकाशन मिति : २०७४/०९/३०)**

मोदी गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालयको लागि १ जना सिभिल ईन्जिनियर तथा बाजुङ स्वास्थ्य चौकी र चित्रे स्वास्थ्य चौकीमा संचालित बर्थिङ सेन्टरका लागि १/१ जना अनमी २०७५ साल असार मसान्तसम्मको लागि सेवा करारमा नियुक्त गर्न पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ ।

| क्र.स. | पद/तह | सेवा/समुह | माग पद संख्या | परिक्षाको किसिम | अन्तर्वार्ताको मिति र स्थान |
|---|---|---|---|---|---|
| १ | सिभिल ईन्जिनियर | ईन्जिनियरिङ | १ जना | अन्तर्वार्ता र फाईल अध्ययन | सम्पर्क मितिको दिन जानकारी गराईने छ । |
| २ | अनमी / सहायक चौथो | स्वास्थ्य/प.हे.न. | २ जना | अन्तर्वार्ता र फाईल अध्ययन | सम्पर्क मितिको दिन जानकारी गराईने छ । |

१. शैक्षिक योग्यता र अनुभव

क. सिभिल ईन्जिनियर -

१. इन्जिनियरका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट Civil Engineering मा स्नातक उत्तिर्ण भएको ।
२. नेपाली नागरिक ।
३. २१ वर्ष उमेर पुरा भई ४० ननाघेको ।
४. नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको दर्ता प्रमाणपत्र प्राप्त गरेको ।
५. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

ख. अनमी

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष उत्तिर्ण गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको हुनु पर्ने छ ।
२. नेपाली नागरिक ।
३. १८ वर्ष उमेर पुरा भई ४० ननाघेको ।
४. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

२. आवेदन दिने अन्तिम मिति :- २०७४/१०/०६ गते कार्यालय समयमा ।

३. संलग्न गर्नुपर्ने कागजातहरु :- ब्यक्तिगत विवरण (Bio-Data), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु ।

४. आवेदन दिने तरिका : बुँदा नं. ३ मा उल्लेख भएका कागजातहरु एवं बुँदा नं. ५ मा तोकिएको शुल्कको रसिद लिई यस कार्यालयमा उपस्थित भई आवेदन दिने ।

५. आवेदन शुल्क

क. इन्जिनियर - रु. १०००।- (एक हजार रुपैयामात्र)
ख. अ.न.मि. - रु. ४००।- (चार सय रुपैयामात्र)

६. परिक्षण पद्धति - प्राप्त दरखास्त मध्येबाट देहायको आधारमा मुल्याङ्कन गरी सुचिकृत गरिनेछ ।

इन्जिनियरको लागि

क. शैक्षिक योग्यता बापत ५० अंक (प्रथम श्रेणी बापत ५०, दोश्रो श्रेणी बापत ४०, तृतिय श्रेणी बापत ३०)
ख. कार्य अनुभव बापत २० अंक (प्रति वर्ष २ अंकका दरले)
ग स्थायी बसोबासको बापत ३० अंक (सम्बन्धित गा.पा.३०, जिल्ला भित्र २० र जिल्ला बाहिर १०)

अ.न.मि.को लागि

क. शैक्षिक योग्यता बापत ५० अंक (प्रथम श्रेणी बापत ५०, दोश्रो श्रेणी बापत ४०, तृतिय श्रेणी बापत ३०)
ख. अनुभव १०, (प्रति वर्ष २ अंक)
ग. तालिम १०, (SBA तालिम प्राप्त)
घ. स्थायी बसोबासको बापत २० अंक (सम्बन्धित गा.पा.२०, जिल्ला भित्र १५ र जिल्ला बाहिर १०)

७. तलब स्केल :- आपसी समझदारी

८. थप जानकारीको लागि सम्पर्क नं. र इमेल ठेगाना :- ०६७-४१०१६४, info@modimun.gov.np

९. सूचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत